मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकूद शाखा

रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

प.स. २०७४/२०७५
च.न. ६४

मिति : २०७५।३।२४

श्री सम्बन्धित सबै,
मुसिकोट नगरपालिका, रुकुम (पश्चिम) ।

**विषय : ट्युशन, कोचिङ्ग, TEVT तर्फको तालिम सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिका क्षेत्रभित्र ट्युशन, कोचिङ्ग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन कार्यलाई अभिलेखीकरण, अनुगमन र नियमन गर्नको लागि मुसिकोट नगरपालिका अन्तर्गत उपर्युक्त गतिविधि संचालन गरिरहेका व्यक्ति, संस्था वा निकायहरुले कुन विधि र प्रक्रियाबाट, कुन बिषयमा, कुन स्थानको लागि अनुमति लिई संचालन गरेको हो ? सो सम्बन्धी कागजातहरु पेश गर्नको लागि यस अघि सूचना प्रकाशित गरिएकोमा हालसम्म उपर्युक्त कार्य गर्नेहरु सबैले यस मुसिकोट नगरपालिकाको कार्यालयमा कागजात पेश नगरेकोले पुन: यो सूचना प्रकाशन गरिएको छ ।

उपर्युक्त कार्य संचालन सम्बन्धी कागजातहरु दोस्रोपटक सूचना प्रकाशित गरिएको मितिले ७ (सात) दिनभित्र पेश गर्नको लागि पुन: अनुरोध गरिन्छ । यो सूचनाको अवधिभित्र पनि कागजात पेश नगर्ने संघ, संस्था वा व्यक्तिले संचालन गरिरहेका उपर्युक्त कार्यहरुलाई नियमानुसार कारवाही गरिने व्यहोरा समेत निर्देशानुसार अनुरोध छ ।

.....................
(बिनाराम खड्का)
शिक्षा अधिकृत

बिनाराम खड्का
शिक्षा अधिकृत